हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (व.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्थापना २०७३


चलानी नम्बर –
पत्र संख्या – ०७७/०७८

मितिः २०७८/०१/१३

## हुप्सेकोट गाउँपालिकाबाट जारी सूचना !

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणको सम्बन्धमा मिति २०७८।०१।१३ गते हुप्सेकोट गाउँपालिकास्तरीय कोभिड-१९ संकट व्यवस्थापन समितिको बैठकबाट तपसील बमोजिमका निर्णय भएकोले सम्बन्धित सबैमा उक्त निर्णयहरु कार्यान्वयन गर्नु/गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

(क) सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा मिति २०७८।०१।१४ गतेबाट प्रत्यक्ष रुपमा पठनपाठन बन्द गर्ने र पूर्व निर्धारित परीक्षा कार्यक्रम आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी संचालन गर्ने ।

(ख) गाउँपालिकाभित्र व्यपार व्यवसाय संचालन गर्दा भिडभाड नहुने गरी आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने तथा होटल एवं रेष्टुरेण्टहरु बेलुका ०९:०० बजे भित्र बन्द गर्ने ।

(ग) विवाह, व्रतबन्ध, धार्मिक अनुष्ठान, अन्तिम संस्कार जस्ता सामाजिक, सास्कृतिक तथा पारम्पारिक कार्यहरु गर्दा २५ जना भन्दा बढी मानिसहरु भेला नहुने गरी संचालन गर्ने ।

(घ) गाउँपालिकाभित्रका योजना आयोजना सँग सम्बन्धित निर्माण कार्यमा गाउँपालिका बाहिरबाट भित्रने कामदार (निरन्तर कार्यरत बाहेक) लाई रोक लगाई स्थानीय कामदारलाई उपयोग गर्ने ।

(ङ) गाउँपालिकाभित्रका सरकारी कार्यालयहरु बैङ्क, सहकारी तथा अन्य वित्तीय संस्थाहरुले अनिवार्य रुपमा भौतिक दुरी कायम गरी सेवा प्रवाहलाई निरन्तरता दिने।

(च) हुप्सेकोट गाउँपालिका स्थित मठ, मन्दिर, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरुमा भिडभाड हुने गरी सर्वसाधारणलाई प्रवेशमा रोक लगाउने ।

२०७८/०१/१३

रविन्द्र सापकोटा
अधिकृतस्तर छैठौं


फोन नं : ०७८-५९०७००
Website: www.hupsekotmun.gov.np E-mail: hupsekotrmun@gmail.com


Scanned with CamScanner

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (ब.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल

चलानी नम्बर –
पत्र संख्या – ०७७/०७८

(छ) विदेशबाट आएका नागरिकको हकमा १० दिनसम्म अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्ने ।

(ज) यस गाउँपालिकाभित्र विभिन्न प्रकारका सभा, सम्मेलन, उत्सव, दर्शकसहितको खेलकुद तथा सास्कृतिक कार्यक्रम, हाटबजार तथा मानिसको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु अर्को सूचना नआएसम्म बन्द गर्ने ।

(झ) अत्यावश्यक काम बाहेक कुनै पनि व्यक्ति घरबाहिर ननिस्कने बाहिर निस्कनु परेमा अनिवार्य रुपमा माक्स, सेनिटाईजरको प्रयोग तथा अर्को व्यक्तिसँग कम्तिमा २ मिटरको भौतिक दुरी कायम गर्ने ।

(ञ) गाउँपालिकाभित्र सवारी साधनहरु संचालन गर्दा चालक, सहचालक तथा यात्रुले अनिवार्य रुपमा माक्सको प्रयोग गर्ने गराउने अन्यथा सवारी चालकबाट प्रत्येक पटक रु १००।– (अक्षरुपी एक सय रुपैया) जरिवाना लिने ।

(ट) कोभिड १९ संकट व्यवस्थापनको लागि आवश्यक स्वास्थ्य सामाग्री एवं उपकरणहरुको व्यवस्था गरी क्वारेन्टिनहरु तयारी अवस्थामा राखे ।

रविन्द्र सापकोटा
अधिकृतस्तर छैठौं

फोन नं : ०७८-५९०७००
Website: www.hupsekotmun.gov.np E-mail: hupsekotrmun@gmail.com

Scanned with CamScanner